# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, असार २८ गते २०५८ साल (अतिरिक्ताङ्क २० (ग)

## भाग ४

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ५१ संख्या ३, २०५८ साल बैशाख १७ गतेको नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार कायम गरिएको कर विभागलाई २०५८ साल असार २५ गतेदेखि लागू हुने गरी आन्तरिक राजश्व विभाग नामाकरण गरी हाल कायम रहेका कर कार्यालयहरू र मूल्य अभिवृद्धि कर कार्यालयहरूलाई एकिकरण गर्ने सम्बन्धमा देहायबमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. कर कार्यालय र मूल्य अभिवृद्धि कर कार्यालयहरूले गर्दै आएका सम्पूर्ण कार्यहरू आन्तरिक राजश्व कार्यालयले गर्ने गरी २०५८ साउन १ गतेदेखि चरणवद्ध रूपमा आन्तरिक राजश्व कार्यालयहरू स्थापना गर्ने,

२. कर कार्यालय र मूल्य अभिवृद्धि कर कार्यालयहरूले साविकमा गरी आएका कार्यहरू एवं प्रयोग गरेका अधिकारका साथै अन्य कार्य एवं अधिकारहरू आन्तरिक राजश्व कार्यालयमा सर्ने र तत् तत् अधिकार परिवर्तित अधिकारीहरूले स्वतः प्रयोग गर्न पाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. साविकमा कर कार्यालय रहेका तर हाल आन्तरिक राजश्व कार्यालय नरहेका स्थानमा करदाताहरूको सुविधाका लागि सम्बन्धित क्षेत्र हेर्ने आन्तरिक राजश्व कार्यालयबाट आवश्यकता अनुसार समय समयमा घुम्ती सेवा उपलब्ध गराउने व्यवस्था आन्तरिक राजश्व विभागले मिलाउने ।

आज्ञाले,
डा. विमलप्रसाद कोइराला
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।